गाउँ कार्यपालिकाको ११ (एघारौ) बैठक / २०८१/०८२

मिति : २०८१ साल पौष ९ गते मंगलबार

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : बिहान : ०७:३० बजे

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. गाउँपालिका स्तरीय खेलकुद विकास समिति पुनर्गठन अनुमोदन सम्वन्धमा ।

३. १६ औं गाउँसभाको हिउँदे अधिवेशनको मिति तोक्ने सम्वन्धमा ।

४. अन्य विविध प्रस्तावहरु सम्वन्धमा ।

मिति २०८१ साल पौष ९ मा सम्पन्न ११ (एघारौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको दशौ बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

पौवादुङमा गाउँपालिका स्तरीय खेलकुद विकास समितिको मिति २०८१/०९/०८ मा सम्पन्न बैठकको निर्णयानुसार गठित कार्यसमिति गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन तथा सञ्चालन सम्वन्धी कार्याविधि, २०८१ को परिच्छेद - २ को दफा ४ को उपदफा (१) बमोजिम श्री चोल प्रसाद आलेको अध्यक्षतामा ११ सदस्यीय नव गठित कार्यसमिति पूनर्गठन गरी पदाधिकारीहरुको नामावली प्राप्त भएकोले उक्त नव निर्वाचित कार्यसमितिलाई अनुमोदन गरी सोको जानकारी गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

चालू आ. व. २०८१/०८२ को १६ औं गाउँसभा ( हिउँदे अधिवेशन ) यहि २०८१ पौष २५ गते बिहिवार दिनको ठीक ११.३० बजे बस्ने गरी आह्वान गर्ने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल सकिएको हुँदा आजको बैठक समापन गरियो ।